# वालिङ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा शाखा
वालिङ स्याङ्जा
२०७३

पत्र सख्या:२०७५/०७६
चलानी नं. १२४०

मितिः २०७५/१२/२९
गण्डकी प्रदेश स्याङ्जा

**विषयः** विद्यार्थी भर्ना अभियान सफल पार्ने सम्वन्धमा

श्री १४ वटै वडा शिक्षा समितिहरु, सवै वडाहरु,वालिङ नगरपालिका स्याङ्जा ।

श्री सम्पूर्ण विद्यालयहरु वालिङ नगरपालिका स्याङ्जा ।

उपर्युक्त विषयमा वि.सं. २०६१ सालबाट प्रत्येक वर्ष वैशाख २ गतेदेखि जस्तै २०७६ मा पनि सम्पूर्ण वालवालिकालाई विद्यालयमा भर्ना गर्ने राष्ट्रिय अभियान विभिन्न क्रियाकलापहरु सहित सञ्चालन गरिने व्यहोरा अनुरोध छ । यस वालिङ नगरपालिकाका विद्यालय उमेर समूहका सवै वालवालिकालाई विद्यालय ल्याउन, टिकाउन तथा गुणस्तरीय शिक्षा प्रदान गर्न विभिन्न क्रियाकलाप आयोजना गरिएका र गर्न खोजीएका छन् ।

**"हाम्रो नगर हाम्रो गाउँ,सवै वालवालिकालाई विद्यालय पुर्याऔं"** भन्ने नेपाल सरकारको (मा.मन्त्रीस्तर) आह्वानलाई साकार पार्न त्यस वडा स्थित सम्पूर्ण सरोकारवाला निकायहरुलाई परिचालन गरी वैशाख महिनाभरी विद्यालय भर्ना अभियान सञ्चालन गर्न गराउन तथा विद्यालयहरुले सञ्चालन गर्ने भर्ना अभियानसँग समन्वय र अनुगमन समेत गरिदिनु हुन समेत हार्दिक अनुरोध छ ।

**थप आह्वान:**

- वालबालिकालाई मुस्कान,अविर माला तथा पाठ्यपुस्तक सहित विद्यालयमा स्वागत गरी निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित अभियानमा सहभागी वनौं ।
- आफ्नो वडा/समुदायमा विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिका भएमा नजिकको विद्यालय,वडा कार्यालय तथा नगरपालिकाको कार्यालयमा जानकारी गराउन अनुरोध गरौं ।
- सम्पूर्ण जनप्रतिनिधिहरु,कर्मचारी,शिक्षक,शिक्षाप्रेमी,नागरिक समाज,पत्रकार तथा आम समुदायलाई सहभागी गराई विद्यालय वाहिर रहेका वालवालिकालाई विद्यालयमा भर्ना गर्न गराउन अभियान चलाऔं ।
- वैशाख १५ गतेसम्म विद्यालय तथा समुदाय केन्द्रित कार्यक्रम सञ्चालन गर्ने र १५ गतेपछि वैशाख मसान्तसम्म लक्षित समूह केन्द्रित घरदैलो अभियान सञ्चालन गर्ने ।
- आफ्नो वडाभित्र विद्यार्थी भर्ना सँगसँगै विद्यालयहरुले सेटमा(कक्षा ५ सम्म रङ्गिन) नयाँ पाठ्यपुस्तक उपलब्ध गराए/नगराएको अनुगमन गर्ने ।
- ३ वर्ष उमेर पुरा गरेका बालबालिकालाई वाल विकास केन्द्रमा भर्ना गर्न सहजिकरण गर्ने ।
- विशेष आवश्यकता भएका बालबालिकाहरुको वारेमा नजिकको विद्यालय,वडा कार्यालय वा नगरपालिकामा सूचना दिने

२०७५।१२।२९

प्रकाशवन्धु अर्याल
शाखा अधिकृत(शिक्षा शाखा)
वालिङ् नगरपालिका वालिङ स्याङ्जा
शाखा अधिकृत